आज मिति २०७७।१२।१९ गतेका दिन नुवाकोट जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री जीवन प्रसाद दुलालज्यूको अध्यक्षतामा बसेको COVID-19 रोकथाम तथा नियन्त्रणसम्बन्धी District Covid-19 Crisis Management Centre (DCCMC) को बैठकमा देहायको उपस्थितिमा देहाय बमोजिमका निर्णयहरु गरियो।

सल्लाहकार समूहः

१. श्री सन्तमान तामाङ, प्रमुख, जिल्ला समन्वय समिति नुवाकोट
२. श्री सञ्जु पण्डित, प्रमुख, विदुर नगरपालिका

उपस्थितिः

| | | |
|---|---|---|
| १. | श्री जीवन प्रसाद दुलाल, प्रमुख जिल्ला अधिकारी | अध्यक्ष |
| २. | प्र.से.श्री उदय बहादुर लामिछाने, श्री जवरजंग गण | सदस्य |
| ३. | प्र.उ.श्री टुक बहादुर कार्की, जिल्ला प्रहरी कार्यालय | सदस्य |
| ४. | स.प्र.ना.उ. श्री मदन ढुंगाना, स.प्र.बल नेपाल १९ नं गुल्म | सदस्य |
| ५. | प्र.अ.अ. श्री हेमन्त चौधरी, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | सदस्य |
| ६. | श्री सागर प्रसाद घिमिरे, व.जनस्वास्थ्य प्रशासक, स्वास्थ्य कार्यालय | सदस्य |
| ७. | डा. देवेन्द्र पाण्डे, मे.सु. त्रिशूली अस्पताल | सदस्य |
| ८. | श्री दीपक दुलाल, नि. जिल्ला समन्वय अधिकारी | सदस्य |
| ९. | श्री वेद प्रसाद अर्याल, स. प्रमुख जिल्ला अधिकारी, | सदस्य |

आमन्त्रितः

१. सेनानी, श्री सपना पौडेल, नं १ तालिम गण त्रिशूली
२. डा. कृपा महर्जन, त्रिशूली अस्पताल
३. ज्ञानेश्वर थारू, त्रिशूली अस्पताल
४. उत्तम खनाल, स्वास्थ्य कार्यालय
५. रामराजा भण्डारी, विदुर नगरपालिका

प्रस्तावहरूः

१. समीक्षा
२. कोभिड-१९ को संभावित जोखिम न्यूनीकरणका सम्बन्धमा।
३. विविध

समीक्षाः

हाल सम्म नुवाकोट जिल्लामा कोभिड-१९ सम्बन्धी अवस्था देहाय बमोजिम रहेको छः

- हालसम्म नुवाकोट जिल्लामा त्रिशूली अस्पताल, सबै स्थानीय तहमा जोखिमयुक्त व्यक्ति समुहहरु तथा क्वारनटाइनमा बसेका व्यक्तिहरु समेत गरी ९५४५ जनाको पीसीआर परीक्षण गरिएको । ११४५ जना कोभिड संक्रमित भएको । ११४४ निको भएको । १ जनाको मृत्यु भएको
- हाल नुवाकोट जिल्लामा सक्रिय संक्रमित मिति २०७७।१२।०१ देखि शून्य रहेको । त्रिशूली अस्पताल-पीसीआर ल्यावमा भएको परीक्षणबाट कोभिड संक्रमित व्यक्ति २०७७।११।१६ देखि नभेटिएको।
- त्रिशूली कोभिड अस्पतालमा कोभिड १९ को लक्षण भएका बिरामीहरुको लागि १५ वेडको उपचार वार्ड रहेको । ६ bed ICU तथा ४ bed HDU सञ्चालनमा रहेको ।
- पीसीआर ल्याव नियमित रुपमा सञ्चालन भइरहेको । २००० वटा Kit तथा रिएजेन्ट मौज्दात रहेको । यस ल्यावबाट हाल सम्म ५०४९ वटा परिक्षण सम्पन्न भएको । रसुवा तथा धादिङ्ग समेत गरी यस ल्यावबाट वटा कोभिड संक्रमित नतिजा प्राप्त भएको ।
- स्थानीय तहका खरानीटार अस्पतालमा २० वेडको आइसोलेसन सेन्टर रहेको । बाँकी १० वटा स्थानीय तहहरुमा जम्मा ६६ वेडको आइसोलेसन सेन्टर रहेको ।
- कोरोना रोकथाम समूह हाल तुलनात्मक रुपमा निस्कृय देखिएको ।
- सार्वजनिक क्षेत्रहरुमा मास्क स्यानिटाइजरको प्रयोग लगायत भेला नहुने लगायतका जनस्वास्थ्यको मापदण्डको आंशिक रुपमा मात्र पालना भएको ।

जोखिम अवस्थाः

- पछिल्लो हप्तामा कोभिड संक्रमित व्यक्तिको संख्यामा क्रमशः वृध्दि भइरहेको काठमाडौं उपत्यकामा बसेर संक्रमित भएका व्यक्ति त्रिशूली अस्पताल वा नुवाकोट आउने संख्या बढिरहेको । कूल संक्रमित संख्याको ६० % विदुर नगरपालिकामा देखिएकोले विदुर नगरपालिका सबैभन्दा उच्च जोखिममा रहेको छ । साथै फागु चाड मनाएर इन्डिया तथा नेपालका जोखिमयुक्त जिल्लाबाट विभिन्न कार्यको शिलशिलामा नुवाकोट जिल्लाको विभिन्न स्थानीय तहहरुमा संक्रमित व्यक्तिहरु प्रवेश गर्ने भएकोले समुदायमा संक्रमण फैलने जोखिम उच्च रहेको ।

निर्णयहरूः

। CPG लाइ सकृयरुपमा परिचालनको लागि सहयोग तथा सहजिकरण गर्न नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा नुवाकोटलाइ समेत अनुरोध गर्ने ।

- CPG मार्फत सवै वडाहरुमा अन्य देश तथा जिल्लाबाट आउने व्यक्तिको अभिलेख र स्वास्थ्य परीक्षण गर्न तथा निरन्तर निगरानीलाइ सवै स्थानिय तहले प्राथमिकतामा राखि कार्यान्वयन गर्नु पर्न ।
- हात धुने, मास्क लगाउने, भौतिक दुरी कायम गर्न तथा स्यानिटाइजरको यथोचित प्रयोगको लागि थप प्रचार प्रसार तथा उत्प्रेरित गर्नु पर्ने ।
- नियमित तथा आकस्मिक अवस्थामा स्वास्थ्यकर्मी स्वास्थ्य संस्था तथा एम्वुलेन्स परिचालन गर्न सवै स्थानीय तहले आवश्यक तयारीहरु गर्ने ।
- सवै स्थानीय तहले कोभिड १९ संक्रमणको उच्च जोखिम क्षेत्र Hot Spot पहिचान गरी प्रोटोकल अनुसार स्वास्थ्य कार्यालयसँगको समन्वयमा कोभिड १९ को पिसिआर तथा Antigen परीक्षणको व्यवस्था गर्ने ।
- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०७७।१२।८ तथा प्रदेश स्वास्थ्य निर्देशनालयको मिति २०७७।१२।१७ को पत्र अनुसार सवै स्थानीय तहले आइसोलेसन सेन्टरको व्यवस्था गर्ने ।
- कोभिड-१९ संक्रमण फैलन नदिन जिल्ला स्थित संञार माध्यमहरु मार्फत चेतना मुलक स्वास्थ्य सन्देश प्रशारण गर्ने व्यवस्था मिलाउने । यसको कार्यान्वयन तथा समन्वय स्वास्थ्य कार्यालय नुवाकोटले गर्ने।
- कोभिड-१९ संक्रमणको सम्भावनालाई मध्यनजर गरी क्वारेन्टिन, आइसोलेशन केन्द्रलाई व्यवस्थापन गरी स्वास्थ्य केन्द्रबाट प्रदान गरिने सेवालाई अझ प्रभावकारी बनाउन, रोगको निगरानीलाई चुस्त बनाउन, Case Investigation / Contact Tracing लाई बढावा दिन, सबै अस्पताल र स्वास्थ्य संस्थाहरू महामारी व्यवस्थापनका लागि तयारी अवस्थामा रहन, प्रत्येक स्थानीय तहमा संक्रमणको उच्च जोखिम क्षेत्र पहिचान गरी समुदायस्तरमा कोभिड-१९ को Antigen परीक्षण प्रकृया सम्वन्धी प्रोटोकल बमोजिम हुने व्यवस्था मिलाउन स्थानीय तहहरूले आवश्यक तयारी गर्ने। यसका लागि स्वास्थ्य कार्यालय, नुवाकोटले सम्बध्द पक्षहरूसँग समन्वय गर्ने।
- सार्वजनिक स्थानमा हिंडडुल गर्दा मास्क लागाउने, भौतिक दूरी कायम गर्ने, स्यानिटाइजर प्रयोग गर्ने जस्ता कुराहरूको पालनामा कडाइ गर्ने र मास्क नलगाउनेलाई संक्रामक रोग ऐन,२०२० बमोजिम कारवाही गर्ने।
- रात्रिकालीन समयमा सञ्चालन हुने व्यवसायिक स्थानहरूमा कोभिड-१९ संक्रमणको अवस्थालाई समेत विचार गरी भीडभाड हुन नदिन जिल्ला प्रहरी कार्यालय, नुवाकोटको समन्वयमा निरन्तर अनुगमन गर्ने।
- सार्वजनिनक यातायात तथा व्यापार व्यवसायमा संलग्न सेवा प्रदायक तथा सेवाग्राही सवैले जनस्वास्थ्यका मापदण्डहरु पालना गर्ने गराउने ।